# वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

मन्त्रालयबाट स्वीकृत मिति : २०७९।५।२६

प्रस्तावना : वैदेशिक रोजगार व्यवसाय गर्न इजाजतपत्र प्राप्त संस्थाहरुले स्वदेशमा सञ्चालन गर्ने शाखा कार्यालयको अनुमति, सञ्चालन र खारेजी सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको स्वदेशमा शाखा कार्यालय सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इजाजतपत्र प्राप्त संस्था" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११ बमोजिम विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्था सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्दछ।

(ग) "कर्मचारी" भन्नाले दफा ३ को खण्ड (क) बमोजिमका कर्मचारी सम्झनु पर्दछ।

(घ) "कामदार" ऐनको दफा २ को खण्ड (ख) बमोजिमको कामदार सम्झनु पर्दछ।

(ङ) "नियमावली" भन्नाले वैदेशिक रोजगार नियमावली, २०६४ सम्झनु पर्दछ।

सचिव

(च) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ।

(छ) "विभाग" भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्दछ।

(ज) "शाखा कार्यालय" भन्नाले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ को उपदफा (२) र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४७ को उपनियम (२) बमोजिम स्वदेशमा खोल्ने शाखा कार्यालय सम्झनु पर्दछ।

(झ) "शाखा प्रमुख" भन्नाले शाखा कार्यालयमा प्रमुख भई काम गर्ने कर्मचारी सम्झनु पर्दछ।

## परिच्छेद-२

## शाखा कार्यालय सञ्चालन सम्बन्धी व्यवस्था

३. शाखा कार्यालय स्थापना तथा सञ्चालन प्रक्रिया : (१) इजाजतपत्र प्राप्त संस्थाले विभागको स्वीकृति लिएको स्थानमा मात्र शाखा कार्यालय खोल्न तथा सञ्चालन गर्न पाउनेछ।

(२) इजाजतपत्र प्राप्त संस्थाले शाखा कार्यालय खोल्नको लागि इजाजतपत्र प्राप्त गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको कम्तीमा एक वर्ष पूरा भएको हुनुपर्नेछ।

(३) एक वा एक भन्दा बढी इजाजतपत्र प्राप्त संस्थाले शाखा खोल्दा वैदेशिक रोजगारमा जाने कामदारको अवस्थितिको प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) एक प्रदेशमा एकभन्दा बढी शाखा नहुने गरी शाखा सञ्चालन गर्न अनुमति प्रदान गर्न सकिनेछ।

(५) यस दफा बमोजिम शाखा कार्यालय खोल्न ऐनको दफा ११ को उपदफा (२) बमोजिम देहायको लक्ष्य पुरा गरेको इजाजतपत्रवाला संस्थालाई देहाय बमोजिमको संख्यामा शाखा कार्यालय खोल्न अनुमति दिनु पर्नेछ:-

(क) वार्षिक एक हजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत प्राप्त गरेको संस्थालाई -एक

(ख) वार्षिक तीन हजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत प्राप्त गरेको संस्थालाई -तीन

(ख) वार्षिक तीन हजारदेखी पाँच हजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत प्राप्त गरेको संस्थालाई -पाँच

सचिव

(ग) वार्षिक पाँच हजार भन्दा बढी कामदार पठाउने लक्ष्य राखी इजाजत प्राप्त गरेको संस्थालाई - सात (केन्द्रिय कार्यालय समेत)

तर शाखा कार्यालय सञ्चालनको अनुमति लिने इजाजतपत्रवाला संस्थाको काम कारवाही रोक्का नभएको हुनु पर्नेछ।

(६) शाखा कार्यालय सञ्चालनको अनुमति प्राप्त गर्ने प्रयोजनका लागि इजाजतपत्र प्राप्त संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन पेश गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएपछि विभागले शाखा कार्यालय सञ्चालन गर्ने प्रस्तावित स्थानको स्थलगत अनुगमन गर्नका लागि सम्बन्धित जिल्ला हेर्ने क्षेत्राधिकार प्राप्त श्रम तथा रोजगार कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको पत्र प्राप्त भएपछि सम्बन्धित श्रम तथा रोजगार कार्यालयले स्थलगत अनुमगन गरी अनुसूची-२ बमोजिमको ढाँचामा विभाग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(९) उपदफा (६) बमोजिमको निवेदनमा शाखा प्रमुखको रुपमा काम गर्ने कर्मचारीको चालचलन सम्बन्धी प्रमाणित विवरण निजको स्थायी वा बसोबास गरेको जिल्ला प्रशासन कार्यालयबाट विभागले अनुसूची-३ बमोजिमको ढाँचामा लिनुपर्नेछ।

(८) विभागले उपयुक्त ठानेमा शाखा कार्यालय खोल्नका लागि इजाजतपत्र प्राप्त संस्थालाई नियमावलीको नियम ४७ को उपनियम (२) को खण्ड (घ) बमोजिमको नगद धरौटी जम्मा गर्न लगाई धरौटी जम्मा गरेको प्रमाण पेश गरेपछि अनुसूची-४ बमोजिमको ढाँचामा शाखा कार्यालय सञ्चालनको लागि अनुमतिपत्र दिन सक्नेछ।

(१०) यस दफा बमोजिम शाखा कार्यालय खोल्न पेश गरेको विवरणको जाँच गर्दा मनासिब नदेखिएमा विभागले सोको कारण सहितको जानकारी इजाजतपत्र प्राप्त संस्थालाई सात दिनभित्र दिनुपर्नेछ।

४. <u>शाखा कार्यालय सञ्चालन अनुमतिपत्र रद्द र शाखा कार्यालय बन्द गर्ने सम्बन्धी व्यवस्था</u> : (१) इजाजतपत्र प्राप्त संस्थाले शाखा कार्यालय सञ्चालन गर्न प्राप्त गरेको अनुमतिपत्र रद्द गर्न वा शाखा कार्यालय बन्द गर्न चाहेमा अनुसूची-५ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनुपर्नेछ।

सचिव

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि सोको सत्यता चेकजाँच गरी इजाजतपत्रवालाबाट सनाखत गराई हकदावी सम्बन्धी सूचना प्रकाशन गर्न इजाजतपत्र प्राप्त संस्थालाई विभागले अनुमति दिनु पर्नेछ।

(३) विभागबाट उपदफा (२) बमोजिमको अनुमति प्राप्त गरेपछि सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले आफ्नै खर्चमा कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा हकदावी सम्बन्धी पन्ध्र दिने सूचना प्रकाशन गर्नुपर्नेछ साथै सो सूचना सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाको वेभ पेजमा समेत प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचना उपर कसैको हकदावी भए सो हकदावी इजाजतपत्र प्राप्त संस्थाले फरफारक गरेपछि मात्र विभागले शाखा कार्यालयको अनुमतिपत्र रद्द गरी धरौटी वापतको रकम फिर्ता गर्नेछ।

(५) दफा ३ को उपदफा (१०) बमोजिम नपुग धरौटी वापतको रकम जम्मा नगरेमा वा कानून विपरितको कार्य गरे गराएमा इजाजतपत्र प्राप्त संस्थाको शाखा सञ्चालन अनुमति विभागले रद्द गर्न सक्नेछ।

तर यस उपदफा बमोजिम विभागले शाखा कार्यालय सञ्चालनको अनुमति रद्द गर्ने निर्णय गर्नु पूर्व इजाजतपत्र प्राप्त संस्थालाई सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

५. <u>शाखा कार्यालय नवीकरण सम्बन्धी व्यवस्था</u> : (१) दफा ४ बमोजिम अनुमतिपत्र प्राप्त शाखा कार्यालयको प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र नवीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शाखा कार्यालय नवीकरण गर्दा प्रत्येक शाखाको नवीकरण शुल्क एक हजार रुपैयाँ लाग्नेछ।

६. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) इजाजतपत्र प्राप्त संस्थाले शाखा कार्यालयका लागि सम्बन्धित प्रदेशबाट शाखा प्रमुख एकजना तथा अन्य कर्मचारीहरु आवश्यकता अनुसार नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शाखा कार्यालयका कर्मचारीहरुको नियुक्ती, सेवा र सुविधा सम्बन्धी व्यवस्था नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको आधारमा इजाजतपत्र प्राप्त संस्थाले गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका कर्मचारीहरुलाई इजाजतपत्रवालाले कर्मचारी परिचयपत्र बनाईदिनु पर्नेछ र परिचयपत्र कार्यालय परिसरभित्र रहँदा सम्पूर्ण कर्मचारीहरुले अनिवार्य रुपमा लगाउनु पर्नेछ।

सचिव

७. <u>कर्मचारीको योग्यता</u> : (१) दफा ५ बमोजिमको कर्मचारीको योग्यता देहाय बमोजिम हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) शाखा प्रमुख (कम्तीमा बाह्र कक्षा उर्तिण भएको, सहायक कर्मचारी (कम्तीमा एस.इ.इ. उर्तिण भएको) र सहयोगी कर्मचारी साधारण लेखपढ गर्न जान्ने,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कारवाहीमा परी खारेज भएको संस्थाको सञ्चालक शाखा प्रमुख हुन पाउने छैन।

८. <u>शाखा कार्यालयको भौतिक पूर्वाधार र खर्च सम्बन्धी व्यवस्था</u> : (१) शाखा कार्यालयको घर भाडा, शाखा कार्यालय सञ्चालन लगायतका खर्च इजाजतपत्र प्राप्त संस्थाको दायित्व हुनेछ।

(२) शाखा कार्यालयबाट हुने सम्पूर्ण आर्थिक कारोबार सोही कार्यालयको बैंक खाता मार्फत गर्नुपर्नेछ।

(३) शाखा कार्यालयले सेवा शुल्क वापत लिएको रकमको भरपाई सम्बन्धित कामदारलाई उपलब्ध गराउनु पर्नेछ।

(४) शाखा कार्यालयमा कार्यरत कर्मचारीले सम्पादन गरेको आर्थिक तथा अन्य काम कारवाहीको उत्तरदायित्व सम्बन्धित इजाजतपत्रवाला, शाखा प्रमुख र सम्बन्धित कर्मचारीको समेत हुनेछ।

(५) वैदेशिक रोजगारमा जाने कामदार छनौट सम्बन्धी कार्य सम्बन्धित इजाजतपत्रवाला संस्थाको आधिकारिक कर्मचारी वा सञ्चालकको रोहवरमा गर्नुपर्नेछ।

(६) कार्यालयमा नागरिक बडापत्र र सूचनापाटीको व्यवस्था गरी वैदेशिक रोजगारीमा जान लाग्ने लागत शुल्क, अनुमानित समय आदिको जानकारी सेवाग्राहीहरुले सहजै देख्न र पढ्न सक्ने गरी राख्नु पर्नेछ।

(७) शाखा कार्यालयको भौतिक पूर्वाधार अनुसूची-६ बमोजिम हुनेछ।

९. <u>शाखा कार्यालय प्रमुख परिवर्तन र शाखा कार्यालयको ठेगाना स्थानान्तरण सम्बन्धमा</u> : (१) विभागको स्वीकृति नलिई शाखा कार्यालयको प्रमुख परिवर्तन गर्न र कार्यालयको ठेगाना स्थानान्तरण गर्न पाइने छैन।

सचिव

(२) शाखा कार्यालयको ठेगाना तथा शाखा प्रमुख परिवर्तन गर्नुपर्ने भएमा उपयुक्त कारणसहित विभाग समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कारण मनासिब देखेमा शाखा कार्यालय स्थानान्तरण गर्न विभागको पूर्व स्वीकृति लिनु पर्नेछ।

१०. <u>जानकारी दिनुपर्ने</u> : शाखा कार्यालयको सहायक कर्मचारी, इमेल ठेगाना, फोन नं. लगायत अन्य विवरण परिवर्तन भएमा सोको जानकारी सात दिनभित्र विभागलाई दिनुपर्नेछ।

११. <u>स्वीकृति लिएको बाहेक अन्य कार्य गर्न नहुने</u> : (१) शाखा कार्यालयले अनुमति प्राप्त गरे बाहेकका अन्य काम कारवाही तथा कारोबार गर्न पाउने छैन।

(२) विभागबाट स्वीकृति लिए बाहेकका अन्य व्यक्तिलाई काममा लगाउन वा जिम्मेवारी दिन पाइने छैन।

(३) विभागबाट स्वीकृति नलिई स्थानीय एफ.एम. रेडियो तथा पत्रपत्रिकामा विज्ञापन प्रकाशन र प्रशारण गर्न पाइने छैन।

१२. <u>संशोधन तथा खारेज</u> : यो कार्यविधि वा कार्यविधिको कुनै दफामा संशोधन वा खारेजी गर्नु परेमा मन्त्रालयले संशोधन वा खारेज गर्न सक्नेछ।

१३. <u>बाधा, अडकाउ फुकाउ र बचाउ</u> : यस कार्यविधिमा उल्लेख गरिएका विषयमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. <u>अनुसूची हेरफेर गर्न सक्ने</u> : मन्त्रालयले यस कार्यविधिको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

सचिव

अनुसूची -१

(दफा ३ को खण्ड (४) सँग सम्बन्धित)

<u>शाखा कार्यालय खोल्न विभागमा दिने निवेदनको ढाँचा</u>

मिति २०   ।  ।

श्रीमान् महानिर्देशकज्यू,
वैदेशिक रोजगार विभाग,
काठमाण्डौ।

विषयः <u>शाखा कार्यालय सञ्चालन गर्ने अनुमति पाउँ।</u>

महोदय,

वैदेशिक रोजगार ऐन,२०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को अधिनमा रही देहाय बमोजिमको शाखा कार्यालय सञ्चालनको अनुमति पाउन यो निवेदन पेश गरेको छु/छौं।

<u>देहाय</u>

१. शाखा कार्यालय रहने प्रस्तावित स्थान (गा.पा./न. पा./वडा नं./टोल/सडक/घर नं):

२. शाखा कार्यालयमा काम गर्ने प्रस्तावित कर्मचारीहरुको विवरण:

नाम, थर :

नागरिकता नं./जारी मिति/जारी गर्ने निकाय :

पद :

बाबुको नाम, थर :

बाजे/पतिको नाम, थर :

ठेगाना :-

स्थायी :

अस्थायी :

सम्पर्क नं. :

३. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :

(क) संस्थाको शाखा खोल्ने विषयमा सञ्चालक समितिबाट गरिएको निर्णय,

(ख) इजाजतपत्र प्राप्त संस्थाको संशोधित प्रबन्धपत्रको प्रमाणित प्रतिलिपी,

(ग) इजाजतपत्र प्राप्त संस्थाको संशोधित नियमावलीको प्रमाणित प्रतिलिपी,

(घ) शाखा कार्यालय सञ्चालनको विस्तृत कार्ययोजना,

सचिव

(ङ) ईजाजतपत्रको प्रमाणित प्रतिलिपी,

(च) इजाजतपत्र प्राप्त संस्थाको कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(छ) संस्थाको स्थायी लेखा नम्बर,

(ज) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र,

(झ) हालसालै अध्यावधिक भएको शेयर लगत (कभर लेटर समेत),

(ञ) गत आ.व.मा अध्यावधिक भएको कम्पनी अध्यावधिक पत्रको प्रतिलिपी,

(ट) इजाजतपत्र वापत पेश गरेको बैंक ग्यारेन्टीको प्रमाणित प्रतिलिपी,

(ठ) इजाजतपत्र वापत राखेको नगद धरौटी बैंक भौचर र रसिदको प्रतिलिपी,

(ड) शाखा कार्यालय रहने घरको घर वहाल सम्झौताको प्रतिलिपी,

(ढ) शाखा कार्यालयको भौतिक पूर्वाधारको विवरण,

(ण) शाखा कार्यालय रहने स्थानको डिजिटल लोकेशन म्याप,

(त) शाखा कार्यालयमा काम गर्ने कर्मचारीको नियुक्तिको निर्णय, नियुक्तिपत्र, परिचयपत्र, नागरिकता, शैक्षिक योग्यताको प्रमाणको प्रतिलिपी र फोटो,

<u>निवेदन पेशभएपछि पेश गर्नुपर्ने थप कागजातहरु:</u>

(थ) शाखा प्रमुखको चालचलन सम्बन्धी प्रहरी प्रतिवेदन।

(द) शाखा कार्यालय रहने स्थानको श्रम तथा रोजगार कार्यालयले दिएको निरीक्षण प्रतिवेदन।

(ध) इजाजत प्रासी कार्यका लागि तोकिएको व्यक्तिलाई संस्थाले दिएको अख्तियरीपत्र र निजको नागरिकताको प्रतिलिपी।

(न) वैदेशिक रोजगार नियमावली २०६४ को नियम ४७ को उपनियम २(घ) बमोजिमको नगद धरौटी जम्मा गरेको प्रमाण (विभागको आदेशपछि पेश गर्ने)।

उपरोक्त विवरण ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत:

निवेदकको नाम, थर:

संस्थाको नाम:

संस्थाको ठेगाना:

संस्थाको छाप:

सचिव

अनुसूची -२

(दफा ३ को खण्ड (६) सँग सम्बन्धित)

**अनुगमन प्रतिवेदन**

**श्रम तथा रोजगार कार्यालय**

..............................

मिति २० । ।

श्रीमान् महानिर्देशकज्यू,
वैदेशिक रोजगार विभाग,
काठमाण्डौ।

विषयः- अनुगमन प्रतिवेदन पेश गरेको।

तहाँ विभागको च.नं. .......... मिति ................ को पत्र प्राप्त भै व्यहोरा अवगत भयो। सो सम्बन्धमा यस कार्यालयबाट मिति................मा गरिएको श्री.................................. प्रा.लि.को प्रस्तावित शाखा कार्यालयको अनुगमन गर्दा देखिएको अनुसूची-६ बमोजिमको विवरण सहितको अनुगमन प्रतिवेदन यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा सादर अनुरोध छ।

..........................

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ३

(दफा ३ को खण्ड (७) सँग सम्बन्धित)

## चालचलन सम्बन्धी विवरण

१. **सम्बन्धित व्यक्तिको**

नाम, थर: -

नागरिकता नं./जारी मिति/जिल्ला:

स्थायी ठेगाना:

हालको ठेगाना -

सम्पर्क मोबाइल नं.

फोटो

२. **बाबु/आमाको**

बाबुको नाम थर :-

ठेगाना :-

आमाको नाम थर:-

ठेगाना:-

३. **बाजे/ससुराको**

नाम थर:-

ठेगाना :-

**भर्नुपर्ने विवरण**

४. प्रचलित नेपाल कानुन बमोजिम करार गर्न सक्षम छ/छैन (खुलाउने)

५. साहुको दामासाहीमा परेको छ/छैन (खुलाउने)

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको छ/छैन (खुलाउने)

७. चालचलन कस्तो छ (खुलाउने)

**प्रमाणित गर्नेको**

नाम थर:

दस्तखत:

दर्जा:

मिति:

कार्यालयको छाप:

सचिव

अनुसूची -४

(दफा ३ को खण्ड (८) सँग सम्बन्धित)

## शाखा कार्यालय खोल्न विभागबाट दिइएको अनुमति

मिति २०    ।  ।

श्री ................................... प्रा.लि.

इजाजत पत्र नं.

काठमाण्डौ।

विषय: शाखा कार्यालय सञ्चालन अनुमति प्रदान गरिएको।

त्यस संस्थाबाट मिति..... मा........... जिल्ला......,......... म.न.पा./उ.म.न.पा./गा.पा. वडा नं...... मा शाखा कार्यालय खोल्न अनुमति पाँउ भनी दिएको निवेदन उपर कारवाही हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७४ को उपदफा २ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४७ को उपनियम (३) बमोजिम प्रचलित कानूनको शर्तहरुको अधिनमा रही शाखा कार्यालय खोली सञ्चालन गर्न विभागको मिति ...................... को निर्णयानुसार अनुमति प्रदान गरिएको व्यहोरा अनुरोध छ।

**बोधार्थ:**

श्री सम्बन्धित जिल्ला प्रशासन कार्यालय।

श्री सम्बन्धित श्रम तथा रोजगार कार्यालय।

श्री सूचना प्रविधि शाखा, वैदेशिक रोजगार विभाग: वेभसाइटमा शाखा अनलाईन गरिदिने।

सचिव

अनुसूची - ५

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>शाखा कार्यालयको अनुमति रद्द गर्ने बारेको निवेदन</u>**

मिति २०   ।  ।

श्रीमान् महानिर्देशकज्यू,
वैदेशिक रोजगार विभाग,
काठमाण्डौ।

<u>विषयः शाखा कार्यालय सञ्चालन गर्ने अनुमति रद्द गरी पाउँ।</u>

महोदय,

वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को अधिनमा रही विभागको मिति......को निर्णयानुसार यस संस्थाले............... जिल्लाको......... म.न.पा./उ.प.म.न.पा./न.पा./गा.पा. वडा नं........ मा शाखा कार्यालय सञ्चालनको अनुमति प्राप्त गरी शाखा कार्यालय सञ्चालन गरिरहेकोमा..............कारणले हाल शाखा कार्यालय सञ्चालन गर्न नसक्ने भएकोले उक्त शाखा कार्यालयको अनुमति रद्द गरी सो वापतको धरौटी रकम समेत फिर्ता गरिदिनुहुन यो निवेदन पेश गरेको छु।

(१) संलग्न कागजातहरु :-

(क) संस्थाको शाखा बन्द गर्ने विषयमा सञ्चालक समितिबाट गरिएको निर्णय,

(ख) शाखा कार्यालय खोल्न स्विकृति दिएको सक्कलपत्र,

(ग) गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र,

(घ) बैंक ग्यारेन्टीको प्रमाणित प्रतिलिपी,

(ङ) शाखा कार्यालय राखेको घरधनीले घर बहाल तिर्न बाँकी नभएको भनी गरिदिएको सक्कल कागज,

(च) शाखा कार्यालयमा कार्यरत कर्मचारीहरुले कार्यरत रहँदाको दिनसम्म तलब भत्ता प्राप्त गरेको बैक विवरण,

(छ) शाखा कार्यालयबाट संकलित कामदारहरुको दायित्व वहन सम्बन्धी प्रतिवद्धता पत्र,

(ज) हकदावी सम्बन्धी राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित पन्ध्र दिने सार्वजनिक सूचना,

उपरोक्त विवरण ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत:

निवेदकको नाम, थर:

संस्थाको नामः

संस्थाको ठेगानाः

संस्थाको छापः

अनुसूची-६

(दफा ८ को उपदफा (७) सँग सम्बन्धित)

## शाखा कार्यालयको भौतिक पूर्वाधार सम्बन्धी विवरण

शाखा कार्यालयमा देहाय बमोजिमको भौतिक पुर्वाधारको व्यवस्था भएको हुनुपर्नेछ :-

(१) शाखा प्रमुखको कार्यकक्ष -१

(२) सहायक कर्मचारीहरुको कार्यकक्ष -२,

(३) भान्सा कोठा -१,

(४) महिला र पुरुषको अलग अलग शौचालय,टेबल ५ थान (कर्मचारीको लागि),

(५) कुर्सी ५ थान (कर्मचारीको लागि),

(६) कुर्सी १५ थान सेवाग्राहीको लागि,

(७) डेस्कटप कम्प्युटर ३ थान,

(८) ल्यापटप कम्प्युटर १ थान,

(९) फोटोकपी मेशीन १ थान,

(१०) स्क्यानर १ थान,

(११) टेलिफोन १ थान,

(१२) सोफा १ सेट,

(१३) इन्टरनेट सुविधा भएको।

सचिव